**यस न. पा. को २० औं नगरपरिषदमा देहाय अनुसारका नीतिगत निर्णयहरू पारित गर्ने निर्णय गरियो ।**

**निणर्य नं.१**

यस न. पा. ले नेपाल सरकारको वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ को निर्देशन मुताविक २०७२ आश्विन २७ गते सम्पादन गरिएको विशेष नगर परिषदको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

आ. व. २०७३/०७४ को प्रस्तावित बजेट, निति तथा कार्यक्रम (आय व्यय) लाई २० औं नगरपरिषद बैठकबाट पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

आ. व. ०७१/०७२ को लेखापरिक्षण प्रतिवेदन २० औं नगर परिषद बैठकमा पेश भई तत् उपर छलफल गरियो । उक्त प्रतिवेदनमा औंल्याईएका नियमित गर्नु पर्ने विषय क्रमश: नियमित गर्ने, असुल उपर गर्नु पर्ने भनी कायम भएका बेरूजु रकमहरू अविलम्व असुल उपर गर्ने तथा प्रतिवेदनमा औंल्याईएको कैफियतको नियमितता एवं फरफारक तथा कैफियत उपर दिईएका सुझावहरूको कार्यान्वयन गर्न आ.प्र. शाखा प्रमुखको संयोजकत्वमा आ.ले.प शाखा, राजश्व शाखा, जिन्सी उप शाखा, लेखा उपशाखा समेत सदस्य रहेको कार्यदल गठन गरि जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं ४**

हाल स्थानीय निकायहरूमा दोहोरो लेखा प्रणालीमा आधारित नगद आधार (Acrual System) मा भई रहेको अव केही वर्ष भित्र नै प्रोदभावी लेखा प्रणालीमा जाने र सो सम्बन्धी पूर्व गृहकार्य गर्न गत बर्ष गठित कार्यदल लाई निरन्तरता दिदै यसै आ.व. भित्र प्रतिवेदन पेश गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल:

१. संयोजक- ले. अ. श्री सीताराम पोखरेल
२. सदस्य - आलेप श्री राजेश गुरूङ्ग
३ ,, ना.सु. श्री नवराज तिवारी
४ ,, ना.सु. श्री राधा चौधरी
५ ,, ख. श्री अशोक भुषाल

**निर्णय नं. ५:**

यस नगरपालिकामा सञ्चालन भएका योजना तथा कार्यक्रमहरूको विगत वर्षदेखि दायित्व सृजना भई भुक्तानी दिन बाँकी रकम भुक्तानी दिने र २०७२।०९।१९ भन्दा अगाडिको (२०७२।०४।०१ देखिको) भुक्तानी भएका रकमको समर्थन गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ६**

पेश्की तथा बेरूजुको अंक घटाई लेखा पद्धतिलाई गुणस्तरीय बनाउन भरसक पेश्की नदिने र दिनै पर्ने अवस्थामा पुरानो पेश्की फछ्र्यौट भएपछि मात्र फछ्र्यौट गर्ने म्याद तोकी पेश्की दिने नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

स्थानीय स्वायत्त शासन ऐन २०५६ को नियम २५० अनुसार रत्ननगर न. पा. कार्यालयको स्वीकृत मौजुदा दरबन्दीमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको आ.व. २०७३।०७४ को तलबमान सहित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १२३(५) बमोजिम न.पा. को आ.व. २०७०।०७१ को आय, व्यय तथा कर, शुल्क, सेवा शुल्क, भाडा आदि सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

रत्ननगर न.पा. कार्यालयको आर्थिक वर्ष २०७२।०७३ को संसोधित आय व्यय र आ. व. २०७३।०७४ को प्रस्तावित आय व्यय पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

आ. व. २०७१।७२ को जिन्सी निरिक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको कार्यान्वयन गर्ने क्रममा न. पा. को मर्मत सम्भार गर्नु पर्ने सामानहरूको हकमा मर्मत सम्भार गरी प्रयोगमा ल्याउने र लिलाम गर्नु पर्ने सामानहरूको हकमा लिलाम बिक्रीका लागि नियमानुसार प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(१) बमोजिम १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने अवस्था हाल यस न. पा. मा नरहेकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२(५) बमोजिम खरिद गर्नुपर्ने सामानहरूको हकमा न.पा.ले तयार गरेको वार्षिक खरिद योजना स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

जिन्सी उपशाखालाई व्यवस्थित गरी जिन्सी सफ्टवेयर प्रणाली अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

नगरक्षेत्रमा दिनानुदिन बढदै गएको फोहरलाई उचित स्थानमा व्यवस्थापन गर्न जग्गा खरिद गर्ने एवं प्रदुषण वा फोहर गर्नेले शुल्क तिर्नु पर्छ भन्ने सिद्दान्तका आधारमा नगरपरिषद मार्फत सेवा शुल्क लगाई नगरको दैनिक सरसफाई एवं फोहरलाई निजी क्षेत्रको सहभागितामा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४**

बालश्रम शोषण विरूद्धको नीति अनुरूप गठन भएका वडास्तरीय बाल क्लबहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

नगरपालिका क्षेत्रलाई हरित नगरीको रूपमा विकास गर्न "एक घर दुई रूख" को कार्यक्रम र "सार्वजनिक ठाँउमा वृक्षारोपण" भन्ने अभियान शुरूवात गर्ने तथा हरित बाटिका र बाल उद्यान निर्माण गर्ने तर्फ जोड दिई उत्कृष्ट ढंगले विरूवा हुर्काउनेलाई पुरस्कृत गर्ने र वातावरण मैत्री नगर निर्माणका लागि पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६**

टोल विकास संस्थाहरूको सहभागितामा फोहर व्यवस्थापन तालिम, सचेतनामुलक कार्यक्रमहरू र फोहोर संकलनका लागी कन्टेनरको व्यवस्था गर्ने साथै पञ्चकन्या सामुदायिक वन उपभोक्ता समुहसँग भएको सहमती अनुसार दैनिक फोहोर व्यवस्थापन गर्ने एवं सो क्षेत्रमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

नगरका शिशु स्याहार केन्द्र, बाल विकास केन्द्र तथा प्रौढ कक्षाहरू सञ्चालन गर्नका लागी सरकारी/गैर सरकारी संघ संस्थाहरूलाई सहयोग एवं प्रोत्साहित गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

गैर सरकारी संघ संस्थाले नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्दा नगरपालिकाको पूर्व स्विकृती लिएर मात्र कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन जिल्ला विकास समितीमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

सुकुम्बासी बस्ती व्यवस्थापनका लागी आवश्यक नीति, बजेट विनियोजित गरी लुमन्तीको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

प्रकोप व्यवस्थापनका लागी कोषको स्थापना र निर्देशिका बनाउने साथै आवश्यक बजेटको व्यवस्थापन गरी नेपाल रेडक्रस सोसाइटी रत्ननगर, आर.आर. एन. को सहकार्यमा तालिम, सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

वडा नं. १४ देखी १९ सम्म टोल विकास संस्थाहरू गठन गर्ने र गठीत टोल विकास संस्थाहरूलाई सुढृढीकरणका लागी नेतृत्व विकास, क्षमता अभिबृद्धिका तालिमहरू सञ्चालन गर्ने र टोल विकास संस्थाहरूको आवश्यकताका आधारमा टोल टोलमा स-साना सामाजीक लाभ उन्मुखका कार्यक्रमहरू सञ्चालन गरि टोल विकास संस्थाहरूको समन्वयमा सामाजिक, आर्थिक र भौतिक निर्माण गतिविधी स्थानीयको सहभागिताबृद्धि गर्ने नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

शहरी गरिबी न्यूनिकरण लागी न.पा. मार्फत विगत परिषदबाट पारित निर्देशिका अनुसार कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

आदीबासी, जनजाति, दलित, महिला, मजदुर, गरिबहरूका लागी आय आर्जनमुलक सीप विकास तालिमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

रत्ननगर नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाई घोषित खुल्ला दिशामुक्त क्षेत्रलाई अझ बढी दिगो र प्रभावकारी बनाउन Healthy City Programe अर्न्तगत सार्वजनिक शौचालय तथा ढल निकासका लागी सहयोग गरिदिन शहरी विकास तथा भवन निर्माण विभाग लाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

गाँउ नगर साझेदारी विकास तर्फ विभिन्न टोल विकास संस्थाहरू, सम्वन्धित वडा समिती कार्यालयको सिफारिसमा उद्दमीहरूले न.पा. बाट लिएको ऋृण हाल सम्म पनि असुली नभएकोले वडा समिती कार्यालय र न.पा.का विभिन्न शाखा उपशाखाहरूमा ऋणीको नामावली राखी असुली कार्यलाई कडाई साथ लागू गर्ने र ऋण असुली वापत उठ्ने रकम शहरी गरीव सहयोग कोषमा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

यस नगरले विगतमा गाँउ नगर साझेदारी विकास कार्यक्रम अर्न्तगत साना लघु उद्दम ऋृणबाट लगानी गरेका ऋृण असुली नियमित हुन नसकेको सर्न्दभमा सो ऋृण लगेको व्याज लाई आंशीकरूपमा मिनाहा गरी साँवा असुली प्रकृयालाई दुई महिना समय दिई सार्वजनिक सुचना जारी गर्ने तथा असुली कार्य गर्ने र सो समयमा पनि असुली नगर्ने ऋणी लाई न.पा. बाट दिने सेवा प्रवाह रोक्का गर्ने एवं पुन साँवा व्याज नै असुली गर्ने र सो असुलीबाट संकलन भएको रकम शहरी गरिब सहयोग कोषमा जम्मा गरी सो को परिचालन गर्न आवश्यक कार्यविधी तयार गरी परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

नगर क्षेत्रको शहरी गरिवीलाई व्यवस्थापन गर्नका लागि नगरस्तरिय शहरी गरिवी कोष निर्देशिका स्वीकृत गरी लागू गर्ने साथैं उक्त कोषमा लुमन्ती आवासको लागि सहयोग संस्थाबाट शहरी गरिव सहयोग कोष रत्ननगरमा प्राप्त रू. ३० लाख र न. पा. बाट न. पा. को नेपाल बैंक

लि. टाँडी शाखामा रहेको MDF खाताको रकम र RUPP Loan बाट उठेको एवं उठ्न बाँकी रकम असुली गरी कोषमा राखी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

बालमैत्री स्थानीय शासन अन्तर्गत न. पा. र यूनिसेफको लागत साझेदारीमा संचालित बाल संरक्षण एवं बालश्रम न्यूनिकरण कार्यक्रमको आय व्यय अनुमोदन गर्दै आगामी वर्षमा समेत कार्यक्रमका लागि सहयोगको माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

रत्ननगर नगरपालिकाको विकास निर्माण, हरियाली बृक्षरोपण कार्यक्रम, सरसफाई व्यवस्थापन कार्यमा सहयोग पुऱ्याउने टोल विकास संस्थालाई विशेष कार्यक्रममा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

यस न.पा. को वडा नं. ७ मा रहेको पशु हाट बजारलाई निजी क्षेत्रसँगको संलग्नतामा सञ्चालन ल्याउन प्रयत्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

यस न. पा. बाट "एक घर एक चर्पी सफा राखौं हाम्रो धर्ती" भन्ने नारालाई अवलम्वन गर्दै आ. व. २०७३।०७४ मा पनि खुल्ला दिशामुक्त अभियानलाई निरन्तरता दिई शौचालय गुणस्तर सुधार कार्यक्रम लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधी २०६८ अनुसार यस न. पा. मा अवलम्वन गर्ने र सोही अनुरूप नगरपालिकालाई २०७४ सम्म बालश्रम मुक्त नगरपालिका घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

वातावरण संरक्षणलाई प्रोत्साहित गर्दै यस न. पा. लाई वातावरण मैत्री (Environment Friendly Local Governmence- EFLG) नगरपालिका बनाउन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारूप २०७० लाई लागू गर्ने निर्णय गरियो र हरेक वडामा सो सम्बन्धी अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्ने साथै जलवायु परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकुलन कार्यक्रम सञ्चालन समेत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस न. पा. वि. सं. २०७६ सालसम्म बालमैत्री (Child Friendly Local Governmence- CFLG ) न. पा. घोषणा गर्न र आवश्यक निर्देशिका बनाई कार्यान्वयन (लागू) गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

न. पा. लाई बालमैत्री न. पा. बनाउने अभियान तर्फ नगर क्षेत्रका संघ संस्थाहरूलाई बाल सहभागिता बृद्धिका लागि आफ्नो संस्थाको समितिमा १ जना बालक र १ जना बालिका प्रतिनिधित्व गराउन सम्बन्धीत सवैमा पुनः अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

यस न.पा. को आ.व. २०७१/०७२ को सामाजिक परिक्षणको प्रतिवेदन नगर परिषद समक्ष पेश गरि सो विषयमा व्यापक छलफल गरियो साथै प्रतिवेदन ले औंल्याएका सुझावहरू कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३६**

गत आ. व. २०७१।७२ को वार्षिक प्रगति समीक्षा प्रतिवेदन स्वीकृत गरी प्राप्त सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३७**

आ. व. ०७२।७३ को प्रथम चौमासिक अवधिको सार्वजनिक सुनुवाईबाट प्राप्त सुझावहरूका सम्बन्धमा व्यापक छलफल गरी क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ३८**

स्थानिय स्वायत्त शासन ऐन २०५५ नियमावली २०५६ को परिच्छेद १ दफा २७३ (क) तथा सार्वजनिक निजी साझेदारी कार्यविधि २०६१ मा व्यवस्था भए वमोजिम गठन भएको "सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समिति" को निर्णय अनुसार साझेदारीमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३९**

न. पा. का राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू र न. पा. का कर्मचारीहरूले बालमैत्री स्थानीय शासनलाई आत्मसाथ गर्दै बालश्रमिक नराख्ने र न. पा. लाई बालश्रममुक्त नगरपालिका बनाउन सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

रत्ननगर न. पा. को वडा नं. १४ देखि २९ सम्म पूर्ण खोप वडा घोषणा भइसकेकाले आ. व. २०७३।०७४ भित्र नगरलाई पूर्ण खोपयुक्त नगर घोषणा गर्न र.न.पा. १ देखि १३ सम्म पूर्ण खोप अभियान कार्यक्रमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

बालमैत्री नगर निर्माणका लागि बालकोष वापत प्रति करदाताबाट वार्षिक रू. १०।- लिई नगरस्तरिय बालकोष स्थापना गरी जोखिममा परेका श्रमिक, गरीब तथा विपन्न बालबालिकाहरूको सर्वोत्तम हितमा लगानी गर्ने गत परिषदको निर्णयलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४२**

यस न. पा. मा आ. व. ०७२।७३ मा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता रकम प्राप्त गर्ने लाभग्राहीहरूको संख्यात्मक विवरण अनुमोदन गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

यस न. पा. बाट हुने नक्सा पासको लागि न. पा. मा सूचिकृत भई मान्यता प्राप्त कन्सल्टेन्सी मार्फत पेश हुन आएका नक्सा डिजाईनहरूलाई मात्र  नक्सापास ईजाजत पत्र प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ४४**

यस रत्ननगर न. पा. क्षेत्र विस्तार भई बृहत रत्ननगर नगरपालिका गठन भएको सन्दर्भमा साविक पिठुवा तथा बछौली गा. वि. स. बाट नक्सा पास प्रकृया पूरा गरेका तथा नक्सा पास प्रकुयामा बाँकी रहेका घरहरूलाई सोही अनुसार न. पा. ले अभिलेखिकरण गर्ने र न. पा. विस्तार पूर्व नै निर्माण भएका घरहरूलाई घरको वर्गीकरण अनुसार निम्नानुसार छुटको व्यवस्था गरी मिति २०७३ आषाढ मसान्तसम्म म्याद दिई नक्सापास प्रकृयालाई सहज एवं जनहितकारी बनाउने निर्णय गरियो ।

तपसिल:

| | | |
|---|---|---|
| १. | होटल तथा औद्योगिक भवनहरू | २५% |
| २. | व्यापारिक एवं आवास भवनहरु | ३०% |
| ३. | ग्रामिण आवासिय घरहरू | ५०% |

**निर्णय नं. ४५**

यस नगरपालिकाले आ.व. २०७३।०७४ बाट पूर्णरूपमा भवन निर्माण संहिता लागू गरी सो सम्बन्धमा व्यापक जानकारी जनस्तरसम्म पुर्‍याउने र आर्थिक वर्ष २०७२।७३ देखि भूकम्पीय जोखिम न्यूनिकरण, पूर्व तयारी र भूकम्प प्रतिरोध भवन निर्माण सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालित कार्यक्रमलाई अझ सशक्त बनाउँदै जाने निर्णय गरियो ।

**निर्णय नं. ४६.**

यस न.पा. क्षेत्रभित्र बैशाख १२ तथा २९ को भुकम्पबाट आफ्नो बसोबास गर्दै आएको घर पूर्ण क्षति भई तत्काल निर्माण कार्य गरेको घरहरूलाई साविकमा स्वीकृत मापदण्डको परिधिभित्र ल्याई नयाँ घर नक्सापास प्रकृया मुताविक नै घर नक्सापास अनुमोदन गर्न २०७२ चैत्र महिनाभित्र घरनक्सा पासका लागि आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

आगामी आ.व. मा नक्सापास सम्बन्धी तपसिल वमोजिम नीति अवलम्वन गर्ने निर्णय गरियो ।

१ न. पा. ले आ. व. २०७२।७३ बाट भवन संहिता मापदण्ड लागू गरी कार्यान्वयनमा ल्याएकाले चालू आ. व. मा थप प्रभावकारी बनाउन सम्बन्धित शाखा र सरोकारवालाहरूलाई जिम्मेवार बनाईनेछ ।

२ रत्ननगर न. पा. लाई हरियाली नगर बनाउन घर नक्साको निर्माण सम्पन्न प्रमाण पत्र दिँदा कम्तिमा दुई वटा विरूवा रोप्नु पर्ने प्रावधानलाई प्रभावकारी रूपमा अनुगमन गरिनेछ ।

३ न. पा. भित्रको घरनक्सा पास तथा जग्गा विकास कार्यलाई व्यवस्थित बनाउन घर नक्सा पास तथा जग्गा विकास मापदण्ड २०६६ लाई संसोधन गरी भवन निर्माण तथा जग्गा विकास मापदण्ड २०७२ लाई लागू गर्ने तथा सो मा व्यवस्था भएका प्रावधानलाई कडाईका साथ लागू गर्ने निर्णय गरियो ।

४. न. पा. क्षेत्रका सरकारी एवं संस्थागत भवन नक्सापास मापदण्डभित्र ल्याई नक्सापास कार्य अगाडि बढाईनेछ ।

५. घर नक्सापासको लागि पेश हुने नक्सा कन्सल्टेन्सी फर्मबाट घरको नक्सा डिजाईन गरी स्वीकृतीका लागि न. पा. को मापदण्ड अनुसार पुरा गराई पेश गर्न लगाउने न. पा. बाट नक्सापास गरी घर नक्साहरू स्वीकृती भएका सम्बन्धित फर्म वा कन्सल्टेन्सीहरूबाट मापदण्ड अनुसार घरको नक्साको डिजाईन लिईनेछ साथै उक्त डिजाईन अनुसारको संरचना निर्माण गर्ने क्रममा आवश्यक परामर्श पनि फर्मवालाहरूबाट उपलब्ध गराउने व्यवस्था गर्न आवश्यक नीति अगाडि बढाईनेछ ।

६. यस न. पा. ले आर्थिक वर्ष २०७२/०७३ बाट भवन संहिता लागू गरि सो सम्बन्धमा व्यापक जनस्तरसम्म पुर्‍याउने र आर्थिक वर्ष २०७२/०७३ बाट नै भूकम्पीय न्यूनिकरण पूर्व तयारी र भूकम्प प्रतिरोधी तालिम भवन निर्माण तालिम, गोष्ठी तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७ नगर यातायात गुरूयोजना तयार गरी विस्तृतरूपमा सडक मापदण्डलाई परिमार्जन तथा कार्यान्वयनमा ल्याईनेछ ।

**निर्णय नं. ४८**

०'-९"x०'-१२" का आरसिसि पिलर भएका घरहरूको तल्ला थप गर्न नक्सापास स्वीकृति दिने सम्बन्धमा साविक भुई तल्ला नक्सा पास गरी निर्माण गरेका त्यस्ता प्रकारका घरलाई १ तला आर.सि.सि. सो माथि ट्रस छाना छाउने प्रयोजनसम्मका लागि तल्ला थप ईजाजत दिने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४९**

०'-९"x०'-९" आरसिसि फ्रेम बनावट भएका साविकमा न. पा. बाट नक्सापास गरी निर्माण भएका भवनहरूलाई १ तल्ला ट्रस छाना छाउने प्रयोजनका लागिसम्म तल्ला थप ईजाजत दिने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५०**

अस्थाई प्रकृतिले बन्ने घर, टहरा, गोठ, खोर, गोदामघर आदीलाई न. पा. बाट अस्थायी निर्माण कार्य गर्न पाउने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ५१**

नगरपालिकाबाट स्वीकृत नक्सा भन्दा फरक तथा नक्सापास स्वीकृति विना नै निर्माण कार्य गरेमा निर्माण गर्ने निर्माणकर्मी र घरधनी दुवैलाई नियमानुसार दण्ड, जरिवाना तथा सजायको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.५२**

चालु आर्थिक वर्ष २०७२।७३ श्रावण १ देखि हालसम्म स्वीकृत भई निर्माण सम्पन्न भएका योजनाहरूलाई फरफारक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

चालु आ. व. २०७२।७३ का लागि परिषदबाट विभिन्न शीर्षकमा रहेका एकमुष्ट बजेटबाट स्थानीय माग अनुसार छनौट भई बोर्ड बैठकबाट समर्थन गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५४**

आ.व.२०७२।०७३ मा स्वीकृत भई सञ्चालन भएका तर कार्य सम्पन्न हुनबाँकी रहेका एवं निर्माण गर्न बाँकी वडा तथा नगरस्तरिय योजनाहरूलाई आगामी आ.व. २०७३।०७४ मा उच्च प्राथमिकता दिई मागका आधारमा निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

यस न.पा. को २० औं नगर परिषद (आ.व.२०७३।०७४) को तयारीको क्रममा सम्पन्न वडा तथा नगर भेलाबाट प्राप्त योजना (कार्यक्रम) तथा सुझावहरूलाई मध्यनजर राखी कालोपत्रे सडक निर्माण एवं मर्मत, खोला तटबन्धन गर्ने योजना, पक्की पुल तथा कल्भर्ट निर्माण योजना, भूमिगत सिंचाई तथा पम्पिङ्ग सिचाई जस्ता समूहगत सिंचाई योजना, कृषिलाई व्यवसायिकीकरण गर्ने, पर्यटन प्रवर्द्धन तथा विस्तार, सुकुम्बासी बस्ती व्यवस्थापन, सार्वजनिक जग्गा संरक्षण, डुबान हुने स्थानमा पक्की नाला तथा सतह ढल नाला निर्माण, अस्पताल तथा हेल्थपोष्टका पूर्वाधार निर्माण, बातावरणीय सुधार तथा सरसफाई अन्तर्गत हुने निर्माण योजना एवं सडक बत्ती बिस्तार तथा मर्मत योजनाहरूलाई स्थानीय स्तरमा हुने उपभोक्ताको लागत साझेदारी एवं सहभागिताको व्यापक परिचालन हुने योजनाहरूलाई प्राथमिकता दिई मागका आधारमा क्रमशः निर्माण गर्दै नेपाल सरकार, स्थानीय विकास मन्त्रालयबाट अनुदान तथा जगेडा कोष एवं अन्य श्रोतको साझेदारी हुने योजना छनौट गरि निर्माण सम्पन्न गर्न पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी २०६९ को परिच्छेद ५ को २ मा व्यवस्था भए वमोजिम यस नगरपालिका मा गठन भएको तपसिल वमोजिम योजना अनुगमन तथा सुपरिवेक्षण समितिलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक- प्रमुख एवं कार्यकारी अधिकृत

सदस्य- राजनितिक दलका पार्टी प्रतिनिधि

सदस्य- उद्योग वाणिज्य संघ

सदस्य- वडा नागरिक मंच प्रतिनिधी एक जना महिला सहित २ जना

सदस्य- नागरिक सचेतना केन्द्र, प्रतिनिधि एक जना

सदस्य- विषयगत कार्यालयका प्रतिनिधि एक जना

सदस्य सचिव कार्यकारीले तोकेको अधिकृतस्तर कर्मचारी

**निर्णय नं ५७**

यस नगरपालिकाको शहरी वडाहरूमा वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागू गर्ने साथै क्रमशः सवै वडामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५८**

यस नगरपालिकाले न. पा. द्धारा निर्माण भएको ढल मार्फत सेवा लिई रहेका नगरवासीहरूलाई सो सेवा प्रदान गरे वापत मासिक सेवा शुल्क निर्धारण गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५९**

नगर यातायात तथा पर्यटन गुरू योजना तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६०**

आ. व. ०७१।०७२ मा सम्पन्न भएका जम्मा योजना संख्या ३१ लाई फरफारक गर्ने मिति २०७२।०३।३१ को बोर्ड बैठकको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६१**

यस नगरपालिकाले नगरको पर्यटन गतिविधीबाट दिगो आयआर्जन गरी यस नगरको पर्यटन गतिविधि प्रवर्द्धन गर्न पर्यटन सेवा शुल्क मार्फत स्थानीय विकास गर्न पर्यटन सेवा शुल्क लागू गर्न सम्भाव्य क्षेत्र पहिचान गर्न विज्ञ सहितको पर्यटन विकास शुल्क निर्धारण सुझाव समिति गठन गरी सो को सिफारिस अनुसार पर्यटन शुल्क लागू गर्ने नीति अवलम्वन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

वातावरणीय तथा पर्यटकीय क्षेत्र पहिचान गरी पबर्द्धन गर्न आवश्यक व्यवस्था गर्ने र न. पा. क्षेत्रभित्र रहेका पर्यटकीय सम्भाव्य स्थलहरू ( लौरीघोल, पंचनदी, मनीखोला-बुलबुले ताल, बीस हजारी ताल, टिकौली ताल, चित्रसेन मन्दिर, हरिहर मन्दिर, चेपाङ ताल, कुमाल ताल आदि) को सम्भाव्यता अध्ययन गरी न. पा. बाट होम-स्टे कार्यक्रम सञ्चालन गरी आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनको गन्तव्य स्थलको रूपमा विकास गर्ने ।

**निर्णय नं. ६३**

नेपालका विभिन्न क्षेत्रमा शिक्षण संस्थाहरूलाई भारतीय राजदुतावासबाट आर्थिक सहयोग प्रदान गर्दै आएको हुँदा रनपा ८ स्थित श्री वैरिया मा. वि. मा प्राविधिक शिक्षातर्फ+२ कार्यक्रमका लागि आर्थिक सहयोग माग गर्न सिफारिस गरी पठाउने ।

**निर्णय नं. ६४**

यस न.पा. को आर्थिक वर्ष २०७३।०७४ को बजेट तथा कार्यक्रम तयारीको क्रममा सम्पन्न भएको विभिन्न वडाको भेलाबाट प्राप्त भएका छनौट भई प्राथमिकीकरण गरी स्वीकृत सिफारिस भएका योजना तथा कार्यक्रमहरूलाई स्थानीय स्तरका टोल विकास संस्था, उपभोक्ता तथा संघ, संस्थाको निर्माण कार्यमा हुने लागत साझेदारी एवं सहभागितालाई उच्च प्राथमिकता हुने गरी मागका आधारमा निर्माण सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**

रत्ननगर न.पा.वडा नं. ५ वाघमाराबाट सौराहा जाने बुढी राप्ती खोलामा पक्की पुल निर्माणको लागि नेपाल सरकार तथा सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६६**

टिकौली चौकी देखी चेपाङ ताल, विस हजारी प्रवेश द्वार हुदै सौराहा जाने पर्यटकीय पथ निर्माण योजना अघि वढाउने । यस न.पा. भित्र रहेका सामुदायिक वनवाट उपभोक्तालाई वन पैदावार वितरण गर्दा न. पा को अनिवार्य सिफारिसमा मात्र विक्री वितरण गर्ने व्यवस्था मिलाई यस वाट प्राप्त सिफारिस दस्तुर र यस भेगका पर्यटकीय क्षेत्रको प्रवेश शुल्क सामुदायिक वनहरूसँगको सहकार्यमा संकलन गरी प्राप्त सवै रकम उक्त पर्यटन मार्गमा लगानी गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ६७**

रनपा क्षेत्रमा बसपार्कको व्यवस्थापन गर्न अत्यन्त आवश्यक भएको हुँदा हालसम्म रत्ननगर ताजा तरकारी तथा फलफुल बजारको पश्चिम तर्फको खाली जमिनमा व्यवस्थापन गर्दै आएकोमा सो क्षेत्र साँघुरो भएकाले नेपाल उच्च मा.वि. रत्ननगरको सौराहाचोकको खाली जग्गामा दुवै संस्थाले आयबाट लाभ लिने गरी जग्गा भोग सम्बन्धी करार गरी आवश्यक प्रकृया बढाउने निर्णय गरियो ।

**निर्णय नं.६८**

सुकुम्बासी बस्तीहरूलाई क्रमशः व्यवस्थित गर्न आवश्यक नीति तर्जूमा गरी कार्यन्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ६९**

रत्ननगर न.पा. २ मा अवस्थित नेपाल सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वीकृत प्राप्त भई सञ्चालन भईरहेको रत्ननगर अस्पताललाई व्यवस्थित रूपमा सञ्चालन गर्न न. पा. ले नियमित पूर्वाधार विस्तारमा सहयोग उपलव्ध गराउँदै जाने निर्णय गरियो ।

**निर्णय नं. ७०**

यस न.पा. ले न.पा. को स्वामित्वमा रहेको जग्गा एवं सार्वजनिक तथा ऐलानी जग्गा संरक्षण गर्ने कार्यलाई तिव्रताका साथ अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७१**

यस न.पा. ले सञ्चालन गर्ने विकास निर्माण कार्यहरूलाई स्थानीय उपभोक्ताको सक्रियता तथा सहभागितामा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७२**

यस न.पा. ले छिमेकी न. पा. जोडने प्रमुख सडकहरू मध्ये समग्र नगरकै व्यापारिक एवं गतिविधि बृद्धि गर्न सम्भाव्य सडकहरूको गुणस्तर बृद्धि गर्नुपर्ने अत्यावश्यक भएकोले सो सडकको स्तर सुधार योजनाहरूमा जिविस, स्थानीय उपभोक्ता एवं न.पा. को समेत लागत सहभागितामा कार्यान्वयनमा जाने निर्णय गरियो ।

**निर्णय नं.७३**

यस न.पा.ले तयार गरेको आवधिक योजनाले छनौट गरी स्वीकृत एवं किटान गरेका योजना तथा कार्यक्रमलाई न.पा. को श्रोतले भ्याएसम्म क्रमशः प्राथमिकता दिई लागू गर्दै जाने । साथै साविकमा तयार भएको आवधिक योजना बृहत रत्ननगरलाई समेट्ने गरी पुनरावलोकन गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७४**

नेपाल सरकार शहरी विकास मन्त्रालयले जारी गरेको भु-उपयोग निर्देशिका वमोजिम नीति तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७५**

यस न. पा. ले गत विगत आ.व. मा सडक कालोपत्रे भई दायाँ वायाँ सतही नाला नभई डुवानग्रस्त देखिएका चोक तथा सडकमा सतह पक्की नाला निर्माण कार्यलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७६**

नगरमा व्यवस्थित पशु बधशाला निर्माण गर्दै अव्यवस्थित रूपमा माछा, मासु विक्री वितरण गर्ने मासु पसलहरूलाई नियन्त्रण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७७**

नगरपालिका क्षेत्र भित्रका सार्वजनिक ताल, तलैया, बाटो घाटो, मठमन्दिर, चर्च, गुम्बा आदीको उचित संरक्षणको व्यवस्था मिलाउने निर्णय गरियो

**निर्णय नं. ७८**

नेपाल नगरपालिका संघले जारी गरेको ढाँचामा यस न. पा.को नगर प्रोफाईल (City Profile) तयार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७९**

न. पा. ले सञ्चालन गरेको तरकारी तथा फलफुल बजारलाई थप व्यवस्थित गर्न विभिन्न तरकारी तथा फलफुल उत्पादक किसान, व्यवसायीहरूलाई व्यवसायीक तालिमको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८०**

यस न. पा. ले आफ्नो नगर क्षेत्रभित्र जग्गा प्लटिङ्ग गरी बिक्री गर्ने कार्यलाई निरूत्साहित गर्ने र सो सम्बन्धमा व्यवस्थित आवास क्षेत्र निर्माण गर्न प्लटिङ्ग सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने र न. पा. बाट तोकिएको मापदण्ड भित्र पर्ने प्लटिङ्ग जग्गा न. पा. ले निश्चितसेवा शुल्क निर्धारण गरी सो को असुली पश्चात मात्र ईजाजत दिने व्यवस्था यस चालु आ. व. बाट कडाईका साथ लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८१**

टिकौली देखि वेल्सीसम्मको क्षेत्रलाई सफा सुन्दर र हरित तथा व्यवस्थित शहरको रूपमा व्यवस्थित गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अन्तर्गत तपसिल वमोजिम कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

क. फुटपाथको व्यवस्थापन गर्ने ।

ख. टिकौलीदेखि वेल्सीसम्मको सडक दायाँ बायाँ तथा अन्य प्रमुख सडकहरूको दायाँ बायाँ बृक्षारोपण एवं संरक्षण कार्यक्रमलाई निरन्तरता दिने ।

ग. सवारी पार्किङ्गलाई व्यवस्थित गर्ने ।

**निर्णय नं. ८२**

यस न.पा. को तथा समग्र पूर्वि चितवन कै विकासमा टेवा पुऱ्याउने वडा, नगर तथा विषयगत भेलाबाट माग भएका ठूला योजनाहरूलाई निर्माण सम्पन्न गर्न जिविस चितवन लगायत नेपाल सरकार समक्ष प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**क नेपाल सरकारमा पेश गर्ने योजनाहरू:**

१) न. पा क्षेत्रको पूर्व, पश्चिम राजमार्ग क्षेत्र अन्तर्गत निपनी चोकदेखि टिकौली चौकीसम्म र लौरीघोल पुलदेखि खैरहनी न. पा. सीमासम्म तरकारीचोकसम्म ४ लेन ग्रीनरी वेल्ट सहित बाटो विस्तार तथा ड्रेन निर्माण योजना माग गर्ने ।

२) रत्ननगर १ सौराहा चोकबाट चितवन राष्ट्रिय निकुञ्ज सीमासम्मको सडक कालो पत्रे गर्न सम्बन्धित निकाय समक्ष माग गर्ने

३) रनपा १२ डुम्री चोक कालिका न. पा. हुदै सिद्धी गा.वि.स सम्म कालो पत्रे योजना माग गर्ने ।

४) बकुलहर, जमुनापुर, कालिका नगरपालिका हुँदै सिराईचुली पर्यटन मार्ग विस्तार तथा कालो पत्रे गर्ने योजना माग गर्ने ।

५) यस न.पा को वडा नं. ५ र ६ मा रिजर्व वायर सहित खानेपानी योजना विस्तार गर्ने योजना माग गर्ने ।

६) टिकौलीमा क्षेत्रीय रंगशाला निर्माण सम्वन्धमा नेपाल सरकारको निर्णय कार्यान्वयनको पूनः अनुरोध गर्ने ।

७) यस न.पा.को वडा नं ४ मा निर्माण प्रस्तावित रत्ननगर सभागृह निर्माण योजना कार्यान्वियनको लागि सम्वन्धित निकायमा पुन अनुरोध गरी पठाउने ।

८) सिमसार संरक्षण कार्यक्रम योजना (पञ्चनदी, चिसापानी) संरक्षण योजना माग गर्ने ।

९) वडा नं १० को जंगल किनाराको सडक निर्माण र वटरखोलामा पक्की पुल निर्माण योजना माग गर्ने ।

१०) पंचकन्या सामुदायिक वन क्षेत्रमा अर्न्तराष्ट्रिय स्तरको गल्फ खेल मैदान निर्माणका लागि नेपाल सरकार समक्ष विशेष अनुरोध गर्ने ।

११) यस न. पा. ले समग्र पूर्वी चितवनकै विकासमा टेवा पुऱ्याउने त्रिशुली बहुउद्देश्यीय योजना सञ्चालन गरी यस क्षेत्रमा काठमाण्डौ जोडने बैकल्पिक द्रुत सडक, सिंचाई, विद्युत एवं खानेपानी सेवा विस्तारमा पहुँच पुग्ने भएकोले नेपाल सरकार सँग बहुउद्देश्यीय आयोजनालाई आवश्यक बजेट व्यवस्थापन गरी सञ्चालनका लागि माग गर्ने ।

१२) जैविक विविधता सूचना केन्द्र, टिकौलीबाट बीस हजारी ताल जाने बाटो खगेरी नहरमा उच्च स्तरीय ग्रावेल तथा पक्की पुल निर्माण गर्ने योजना माग गर्ने ।

१३) यस न. पा. र. न. पा. ३ हाजीपुर पुरानो काठेपुलबाट खैरहनी न. पा. जोड्ने पुरानो राजमार्गका निर्माणाधीन पक्की पुल निर्माण सम्पन्नका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

१४) यस न.पा. को रत्ननगर ७ सिशै मा पर्ने चित्रवन दुग्ध प्रशोधन केन्द्रको जग्गा न.पा. को स्वामित्त्वमा ल्याउन नेपाल सरकार समक्ष माग गर्ने ।

१५) यस न. पा. को खानेपानीको पहुँच विस्तार नभएका रत्ननगर ५, ६, १४, १५, १६, १७, १८ र १९ नं. वडामा खानेपानी विस्तार गर्न नेपाल सरकार भौतिक योजना निर्माण तथा यातायात व्यवस्था मन्त्रालयमा माग गर्ने ।

**ख. जिल्ला विकास समितिमा पेश गर्ने योजनाहरू:**

१. रनपामा रहेका प्रमुख नदीहरू ठुलो रापती, कयर खोला, बुढी कुलो, खगेरी खोला, बुढी रापती, पंचनदी, वटर खोला एवं भुतहा बाँध नियन्त्रण तटबन्धन गर्न माग गर्ने ।

२) वारी वाघमारा पारी वाघमारा जोड्ने पक्की पुल निर्माण गर्न माग गर्ने ।

३) रनपा र कालिका न. पा. जोडने सडक कालो पत्रे गर्न माग गर्ने ।

४) यस न. पा. को वडा नं. १३ जयमंगला वजार देखि दक्षिण तर्फ निपनी जोड्ने मित्र मार्गको स्तरउन्नति एवं कालोपत्रे योजना कार्यान्वयनको लागि जिल्ला परिषदमा समावेश गरि सम्वन्धित मन्त्रालयमा माग गर्ने ।

५) वुढिराप्ती, कयरखोला तटवन्धन कार्यक्रम कार्यन्वयन गर्न जिल्ला विकास योजनामा समावेश गर्न माग गरी पठाउने ।

६) डुङ्गा घाट मालपुर जोड्ने पुल निर्माण योजना माग गर्ने ।

७) वडा नं ८ र १० को राजमार्ग उत्तरपट्टी खगेरी खोला जमिन किनारको सडकमा झोलुङ्गे पुल निर्माण योजना माग गर्ने ।

८) कालिका नगरपालिका लगायत वडा नं. ११, १२, ३, ४, ५, १५, १७, १८ र १९ वडा क्षेत्रमा कयरखोला, बुढीराप्ती, राप्ती खोलामा तटवन्धन कार्यक्रम कार्यन्वयन लागि माग गर्ने ।

९) बीस हजारी प्रवेशमार्गबाट गितानगर जाने बाटो उच्च स्तरिय ग्रावेल गर्ने योजना माग गर्ने ।

१०) रत्ननगर २ टाँडी चोकमा आकाशे पुल निर्माण गर्ने योजना माग गर्ने ।

**निर्णय नं. ८३**

यस नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने नगरवासीहरूको मृत्यु पर्यन्त गरिने दाहसंस्कार कार्यलाई विभिन्न जातजातिको संस्कृति र परम्परा अनुसार निम्न स्थान तोक्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | जातजाति | स्थान |
|---|---|---|
| १ | ब्राम्हण/क्षेत्री लगायत तागाधारीहरूका लागि | देवघाट पवित्रधाम |
| २ | मुस्लिमका लागि | रत्ननगर ४ देवौली |
| ३ | तमाङ्ग जाति | मिलीजुली सा.वन क्षेत्र लालपर्सा |
| ४ | गुरूङ्ग जाति | पञ्चकन्या सा.वन मंगलपुर |
| ५ | मगर जाति | देवघाट पवित्रधाम |
| ६ | क्रिस्चियन जाति | पञ्चकन्या सा.वन रातोमाटो डाँडा |
| ७ | आदीबासी थारू जाति | देवघाट पवित्रधाम |
| ८ | तामाङ्ग (साविक पिठुवा) | वरण्डाभार जंगल |
| ९ | तामाङ्ग (साविक बछौली) | बागमारा सा. वन बछौली |

**निर्णय नं. ८४**

वातावरणीय तथा पर्यटकीय क्षेत्र पहिचान गरी पबर्द्धन गर्न आवश्यक व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८५**

वायो ईन्जिनियरिङ्ग अन्तर्गत गोवर ग्याँस प्लान्ट निर्माण गर्ने किसानलाई प्रति प्लान्ट रू. ५,०००।-(पाँचहजार) अनुदान दिई दिगो जैविक विविधता संरक्षणमा टेवा दिने निर्णय गरियो । साथै सामुदायिक वनसँग आवद्धता नभएका वडालाई प्रति प्लान्ट रू. ७,०००।- (सात हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८६**

यस नगरका पशुपालक कृषकहरूको पहिचान गरी पशु बीमा एवं सुरक्षण तथा गोठ सुधार गर्ने कार्यलाई नगर क्षेत्रमा सक्रिय नगरस्तरीय दूग्ध उत्पादक सहकारी संस्था समन्वय समितिको सहकार्यमा श्रोतका आधारमा क्रमशः कार्यक्रम लागू गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ८७**

यस नगरलाई रासायनिक मल तथा विषादीमुक्त गर्न कृषक समुहहरूसँग सहकार्य गरी आवश्यक विभिन्न तालिम, समेचतना, पर्चा, पम्पप्लेट, बीउ वीजन जस्ता कार्यक्रम सहित योजना छनौट गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८८**

यस नगरपालिका क्षेत्रभित्र ग्रावेल सडकमा निकासी हुने ग्रावेलको दररेटलाई एकरूपता कायम गर्न नगर क्षेत्रभित्र बर्षभरि निकासी गर्ने ग्रावेलको परिमाण अनुमान गरि ग्रावेल ढुवानी कर्ताबाट प्रतिस्पर्धात्मक दर लिई स्थानीय उपभोक्ता तथा टो.वि.स.लाई व्यापक सक्रियता तथा लागत सहभागिता साथै श्रम समेत परिचालन गरी निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८९**

यस न. पा. मा वारूणयन्त्र सञ्चालनका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्धारण गरी जारी गरिएको निर्देशिका (बारूणयन्त्र सञ्चालन निर्देशिका) लाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९०**

यस न. पा. को व्यक्तिगत घटना दर्ता (पंजीकरण) व्यवस्थापन गर्न क्यातधबचभ तयार गरी (म्च्नष्तबष्शिभम गर्ने) चालु आ. व.बाट कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९१**

यस नगरमा हुने सम्पूर्ण सडक बत्ती मर्मत कार्य वडास्तरबाट नै मर्मत गर्ने र सो निर्माण तथा मर्मत प्रक्रियामा स्थानीय स्तरमा सक्रिय रहेका टोल विकास संस्थालाई परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९२**

मर्मत सम्भार निर्देशिका बमोजिम मर्मत सम्भार विशेष कोष स्थापना गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९३**

नगरपालिका अनुदान सञ्चालन कार्यविधि बमोजिम गठन भएको सुपरिवेक्षण तथा अनुगमन समितिले तयार गरेको कार्यतालिका पारित गरी सो वमोजिम सञ्चालित आयोजनाहरूको सुपरिवेक्षण तथा अनुगमन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९४**

यस न.पा. को २०७१ माघदेखि हालसम्म भएका न. पा. बोर्ड बैठक र विभिन्न विषयगत समितिका निणर्यहरू अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९५**

यस न.पा. कार्यालयको स्वीकृत दरबन्दी अन्तर्गत तपसिलका पदहरूमा न.पा.को आवश्यकता अनुसार (तत्कालदेखि कार्यरत) निम्न पदहरूमा सेवा करारमा लिई कामकाज लगाउने निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १) | सामुदायिक परिचालक | ३(तीन) |
| २) | कम्प्यूटर सहायक | १(एक) |
| ३) | फिल्ड सहायक | १(एक) |
| ४) | विजुली मिस्त्री | १(एक) |
| ५) | ग्रामीण सहजकर्ता | १(एक) |
| ६) | चौकीदार | १(एक) |
| ७) | सवारी चालक(हल्का) | ४(चार) |
| ८) | नगर प्रहरी | २(दुई) |
| ९) | ग्रेडर हेल्पर | १(एक) |
| १०) | कार्यालय सहयोगी | ४(चार) |
| ११) | जे.सि.भि.अप्रेटर | १(एक) |
| १२) | सरसफाइकर्मी | २(दुई) |
| १३) | फायरमेन | २(दुई) |
| | | जम्मा २४(चौविस) |

**निर्णय नं ९६**

न. पा. कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत सम्पत्ति विवरण आ. व. शुरू भएको २ महिनाभित्र पठाउने निर्णय गरियो ।

**निर्णय नं. ९७**

न. पा. मा कार्यरत कर्मचारीहरूको क्षमता विकास तथा शीप एवं दक्षता अभिबृद्धिका लागि आवश्यक तालिमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९८**

न. पा. पदपूर्ति समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । प्राप्त राय तथा सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. ९९**

यस न.पा. मा कार्यरत योग्यता पुगेका कर्मचारीहरूलाई प्रचलित कानुन वमोजिम आवश्यकता अनुसार सेवा तथा पद मिलान तथा समायोजन गर्न न. पा. बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १००**

नगरपालिकालाई सहयोग गर्ने पत्रकार, संचारकर्मी, साहित्यकार, स्वयंसेविका, करदाताहरूलाई नगरपरिषद कार्यक्रममा सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०१**

न.पा.कार्यालयमा कार्यरत कर्मचारीहरूको कार्य विवरण तयार गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०२**

सुशासन प्रवर्द्धनका लागि रत्ननगर न. पा. को संस्थागत आचरण र कर्मचारीको पेशागत आचरण सम्बन्धि व्यवस्था अनुरुप आचारसंहिता जारी गरी लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०३**

न. पा. मा कार्यरत कर्मचारीहरूको क्षमता विकास तथा शीप एवं दक्षता अभिबृद्धिका लागि आवश्यक तालिमहरू सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०४**

न. पा. पदपूर्ति समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरियो । प्राप्त राय तथा सुझावहरूलाई क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १०५**

यस न.पा. मा कार्यरत योग्यता पुगेका कर्मचारीहरूलाई प्रचलित कानुन वमोजिम आवश्यकता अनुसार सेवा तथा पद मिलान तथा समायोजन गर्न न. पा. बोर्डलाई अधिकार दिने निर्णय गरियो ।

**निर्णय नं. १०६**

न. पा. मा उत्कृष्ट काम गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने र खराव काम गर्नेलाई दण्ड सजायको व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०७**

यस न. पा. कार्यालयमा स्थापनाकालदेखि नै सहायकस्तर चौथो तह, अमिन पदमा सेवारत श्री बलरामबहादुर राउतलाई मरणोपरान्त निजको सेवाको उच्च कदर गर्दै २० औं नगरपरिषदमा सम्मान गर्ने र साथै उमेरको हदको कारण अवकाश हुनु भएका श्री एकदेव घिमिरे तथा अजिरमान तमाङ्ग र स्वेच्छिक अवकास लिएका श्री तोरणराज पौडेल र श्री कृष्णप्रसाद नेपाललाई उहाँहरूले यस संस्थालाई पुऱ्याउनु भएको सेवाको उच्च कदर गर्दै सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं १०८**

यस न. पा. कार्यालयको मिति २०७०।०४।०४ मा प्रकाशित वि. नं. ४/०७०/७१, लेखापाल, सहायकस्तर पाँचौ र वि. नं. ५/०७०/७१, अमिन, सहायकस्तर चौथो, वि. नं ६/०७०/७१, ना.सु., सहायकस्तर पाचौं र वि. नं ७/०७०/७१, सव ईन्जिनियर, सहायकस्तर पाचौं) पदहरूको परीक्षा विविध कारणले सञ्चालन गर्न नसकिएको र हाल उक्त पदहरू आवश्यकता समेत नरहेकाले उक्त विज्ञापन रद्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०९**

यस न. पा. कार्यालयमा ना. सु., सहायकस्तर पाँचौ तहमा कार्यरत श्री राजेश गुरूङ्गले विगत १० वर्षदेखि आन्तरिक लेखा परीक्षकको रूपमा कुशलतापूर्वक जिम्मेवारीवहन गर्दै आइरहेको र निजको शैक्षिक योग्यता एवं सेवाकालीन तालिम समेत सो सम्बन्धी रहेकाले समान पद आलेप, सहायकस्तर पाँचौ तहमा पद मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं.११०**

यस न. पा. मा कार्यरत कर्मचारीहरूको आन्तरिक बढुवाको लागि उमेर पुगेका कर्मचारीहरूको बढुवा गर्न आवश्यक प्रकृया अघि बढाउन पदपूर्ति समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १११**

यस न. पा. को स्वीकृत दरबन्दी अनुसार सामुदायिक विकास परिचालक (सहायकस्तर पाचौं तह) पद १ र अमिन (सहायकस्तर चौथो तह) पद आवश्यकता नरहेकाले उक्त पदहरु खारेज गर्ने निर्णय गरियो ।

**निर्णय नं.११२**

यस न. पा. को स्वीकृत फिल्ड सुपरभाईजर पदमा कार्यरत श्री विजय बस्नेतलाई रत्ननगर न. पा. वडा नं. ३ मा वडा सचिवको जिम्मेवारी दिई वडा समिति कार्यालयमा खटाइएको र निजको शैक्षिक योग्यता र कार्य दक्षताको आधारमा सहायकस्तर चौथो तहले खाए सरहको तलव सुविधा उपलब्ध गराईएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११३**

गत परिषदबाट स्वीकृत रत्ननगर नगरपालिकाको कर्मचारी कल्याण कोष विनियमावली २०७१ लाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११४**

यस न. पा. मा वारूणयन्त्र सञ्चालनका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निर्धारण गरी जारी गरिएको निर्देशिका (बारूणयन्त्र सञ्चालन निर्देशिका) लाई लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११५**

यस न. पा. को व्यक्तिगत घटना दर्ता (पञ्जीकरण) व्यवस्थापन गर्न Software तयार गरी (Digitalized गर्ने) चालु आ. व.बाट कार्य सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११६**

यस रत्ननगर न.पा. पदपूर्ति समितिको सिफारिस तथा न. पा. बोर्डको मिति २०७२।०७।३० को निर्णय वमोजिम करारमा नियुक्ती भएका अधिकृतस्तर छैटौं तह, सिभिल ईन्जिनियर १ र सहायकस्तर पाँचौं तह, सर्भेक्षक १ लाई न. पा. को दरबन्दी विवरणमा समायोजन गर्ने र कार्य सम्पादन मूल्याङ्कनको आधारमा करारको म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं ११७**

यस न. पा. को तपसिल वमोजिम कर्मचारी दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो ।

| श्रेणी | सि. नं. | पद | प्रा./प्र. | स्वीकृत दरवन्दि | स्थायी पूर्ति | करार/सेवा करार | दैनिक ज्यालादारी | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| अधिकृत छेंठौं तह | १ | प्रशासकीय अधिकृत | प्र. | १ | - | - | - | १ | |
| | २ | लेखा अधिकृत | ले/प्र. | १ | १ | - | - | - | |
| | ३ | ईन्जिनियर सिभिल | प्रा. | २ | १ | १ | | - | |
| | ४ | ईन्जिनियर वातावरण | प्रा. | १ | - | - | - | १ | |
| | ५ | सामाजिक विकास अधिकृत | प्रा. | १ | - | - | - | १ | |
| सहायकस्तर पाचौं | ६ | नायव सुव्वा | प्र. | १७ | ४ | - | | १३ | |
| | ७ | लेखापाल | ले./प्र. | १ | - | - | - | १ | |
| | ८ | आन्तरिक लेखापरीक्षक | ले./प्र. | १ | १ | - | - | - | |
| | ९ | कम्प्यूटर अप्रेटर | प्रा. | १ | १ | - | - | - | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १० | सव ईन्जिनियर | प्रा. | ३ | २ | - | - | १ | |
| | ११ | सर्भेक्षक | प्रा. | १ | - | १ | - | - | |
| सहायकस्तर चौथो | १२ | खरिदार | प्र. | १३ | ११ | - | - | ३ | |
| | १३ | सलेपा | प्र. | १ | १ | - | - | - | |
| | १४ | समुदाय परिचालक | प्र. | ३ | - | ३ | - | - | |
| | १५ | कम्प्यूटर सहायक | प्रा. | १ | - | १ | - | - | |
| | १६ | फिल्ड सहायक | प्र. | १ | - | १ | - | - | |
| सहायकस्तर तेश्रो | १७ | विजुली मिस्त्री | प्रा. | ३ | २ | १ | - | - | |
| | १८ | ग्रामिण सहजकर्ता | प्र. | १ | - | १ | - | - | |
| श्रेणी विहिन | १९ | सवारी चालक | प्रा. | ८ | ३ | ५ | - | - | |
| | २० | नगरप्रहरी असई | प्र. | १ | - | - | - | १ | |
| | २१ | नगरप्रहरी हवल्दार | प्र. | १ | - | - | - | १ | |
| | २२ | नगरप्रहरी सिपाही | प्र. | ५ | ३ | २ | - | - | |
| | २३ | फायरमेन | प्र. | २ | - | २ | - | - | |
| | २४ | कार्यालय सहयोगी, ग्रेडर हेल्पर र चौकीदार समेत | प्र. | ११ | ५ | ६ | - | - | |
| | २५ | सरसफाईकर्मी | प्र. | १७ | ८ | २ | ७ | - | |
| | | **जम्मा** | | **९८** | **४३** | **२६** | **७** | **२२** | |

नोटः नेपाल सरकारतर्फको दरबन्दी

१. कार्यकारी अधिकृत (उपसचिव) १(एक)

२. नायव सुव्वा २(दुई)- जिविस, चितवनबाट काज

**निर्णय नं ११८**

यस न. पा. को स्वीकृत दरबन्दी तथा संगठन चार्टलाई समयानुकूल संशोधन तथा परिमार्जन गर्न संगठन विकास अध्ययन प्रतिवेदन (OD) २०७१(आ. व. २०७१/७२ - २०७६/०७७) लाई पुनरावलोकन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११९**

यस न. पा. को तपसिल वमोजिम संगठन ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२०**

जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत यस रत्ननगर न. पा. को वडा नं. १० स्थित शहरी स्वास्थ्य केन्द्र, जिरौना र रत्ननगर न. पा. वडा नं. ५ स्थित शहरी स्वास्थ्य केन्द्र, नरकटियाको लागि ग्रामिण स्वास्थ्य सुदृढीकरण योजना अन्तर्गत आ.व. २०७१।०७२ मा प्रति स्वास्थ्य केन्द्र रु. १,८६,०००।- (एक लाख छयासी हजार मात्र) का दरले रकम प्राप्त भई खर्च समेत भएकोमा सोलाई अनुमोदन गर्ने र आ. व. २०७३।०७४ का लागि प्रस्तावित बार्षिक योजना कार्यक्रम स्वीकृत गरी जिल्ला जनस्वास्थ्य कार्यालयमा बजेट विनियोजनका लागि पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. १२१**

यस रत्ननगर न. पा. को आ. व. २०७३।०७४ देखि २०६५।०७६ सम्मको राजश्व सम्भाव्यता अध्ययन तथा प्रक्षेपणका लागि न. पा. मा सूचिकृत संस्थाहरुमध्ये ग्रामिण सामुदायिक विकास केन्द्र, काभ्रेलाई मिति २०७२।०७।१७ को निर्णय अनुसार दिईएको र मिति २०७२।०९।२२ गते प्राप्त प्रतिवेदन पारित गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२२**

यस रत्ननगर न. पा. भवन तथा सडक मापदण्ड सम्बन्धि निर्देशिका २०७२ तयार गर्नको लागि न. पा. मा सूचिकृत संस्थाहरुमध्ये बीर ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि., अमरगढी ७, डडेलधुरालाई मिति २०७२।०७।१७ को निर्णय अनुसार दिईएको र मिति २०७२।०९।२२ गते प्राप्त प्रतिवेदन पारित गरी लागु गर्ने निर्णय गरियो ।